ऐनको दफा ५५ तथा नियमावलीको नियम ३० बमोजिम तयार

वार्षिक प्रतिवेदन २०८२

सामाजिक सुरक्षा कोष

थापाथली काठमाडौं

२०८२ असोज

संचालक समिति सदस्यहरु



डा. कृष्णहरि पुष्कर
अध्यक्ष
एवं
सचिव- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय



डा. नीलम ढुङ्गाना तिम्सिना
सदस्य
एवं
डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक



श्री सुमन दाहाल
सदस्य
एवं
सह-सचिव, अर्थ मन्त्रालय



श्री हुम बहादुर के.सी.
सदस्य
एवं
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय



नवराज ढुङ्गाना
सदस्य
एवं
सह-सचिव, राष्ट्रिय योजना आयोग



.....
सदस्य
एवं
सह-सचिव, भूमि व्यवस्था,
सहकारी तथा गरिबी निवारण मन्त्रालय



श्री जगत बहादुर सिंखडा
सदस्य
एवं
ट्रेड युनियन प्रतिनिधि



श्री बेदनिधि निराला भट्टराई
सदस्य
एवं
ट्रेड युनियन प्रतिनिधि



श्री सुनिता थापा
सदस्य
एवं
ट्रेड युनियन प्रतिनिधि



श्री ध्रुव प्रसाद रिजाल
सदस्य
एवं
कार्यसमिति सदस्य, नेपाल उद्योग परिसंघ (CNI)



श्री लिना खड्का
सदस्य
एवं
होटल एसोसियसन नेपाल प्रतिनिधि



श्री अन्जन श्रेष्ठ
सदस्य
एवं
नेपाल उद्योग वाणिज्य महासंघ



श्री कविराज अधिकारी
सदस्य सचिव
एवं
कार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष

शाखा तथा सम्पर्क कार्यालय र प्रमुख

क्र.सं.	शाखा तथा सम्पर्क कार्यालय	शाखा तथा सम्पर्क कार्यालय प्रमुखको नाम	पद
१	विराटनगर शाखा कार्यालय	दिपकराज भट्ट	शाखा प्रबन्धक
२	सिमरा शाखा कार्यालय	अशेष लामिछाने	शाखा प्रबन्धक
३	बुटवल सम्पर्क कार्यालय	केदार पौडेल	सम्पर्क अधिकृत
४	नेपालगन्ज सम्पर्क कार्यालय	चिरन्जिवि न्यौपाने	सम्पर्क अधिकृत
५	पोखरा सम्पर्क कार्यालय	डि.पी सुन्दर पराजुली	सम्पर्क अधिकृत
६	जनकपुर सम्पर्क कार्यालय	कैलाश कुमार यादव	सम्पर्क अधिकृत

कार्यकारी निर्देशकको प्रतिबद्धता

विक्रम सम्वत २०६७ चैत्र ७ गते सामाजिक सुरक्षा कर संकलनका लागि स्थापना भएको सामाजिक सुरक्षा कोष श्रम संगठन, रोजगारदाता र सरकार समेतको त्रिपक्षिय लामो प्रयास एवं समझदारीबाट यहा सम्म आईपुगेको छ। योगदानमा आधारित सामाजिक सुरक्षाको संबैधानिक हक कार्यान्वयन गर्न सबै क्षेत्रका श्रमिक तथा व्यक्तिहरु आवद्ध हुन सक्ने गरि कोषले सामाजिक सुरक्षा योजनाहरु तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ। कानुनी अष्पष्टता तथा व्यवहारिक कठिनाइहरुको समाधान गर्ने र सुरक्षा अवधारणाको पर्याप्त मात्रामा बुझ्ने तथा बुझाउने कार्य त्रिपक्षिय रुपमा हुँदै आईरहेको अवगत गराउदै यस अभियानलाइ थप सार्थक बनाउन कोष परिवार कटिबद्ध भएर अगाडि बढ्ने प्रतिबद्धता गर्दछ ।

"सबै र सधैका लागि सामाजिक सुरक्षा भन्ने मुल नाराका साथ अघि बढ्दै गर्दा कोषको कार्य क्षेत्र विस्तार भएको छ। औपचारीक क्षेत्रबाट शुरु भएको सामाजिक सुरक्षा कार्यक्रम अनौपचारिक, स्वरोजगार र बैदेशिक क्षेत्रमा समेत बिस्तार भई सबैको लागि सामाजिक सुरक्षाको लक्ष प्राप्तिमा सहजता हुने बिश्वास कोषले लिएको छ। कोषलाई स्वायत्त संस्थाको रुपमा विकास गर्दै लैजाने सन्दर्भमा कोषको संगठन संरचना पुनरावलोकन भई शाखा तथा सम्पर्क कार्यालय विस्तार भएका छन। कोषको लगानी कार्यविधि अनुरुप तोकिएको क्षेत्रमा तोकिएको सिमाभित्र रहेर लगानी गर्दा कोषले दायित्व वहन गर्न आर्जन गर्नुपर्ने न्यूनतम प्रतिफल प्राप्त हुने तथा योगदानकर्तालाई समेत आकर्षक प्रतिफल दिन सकिने कुरामा कोष विश्वस्त रहेको छ।

संस्थागत सुशासनको पालना आन्तरिक नियन्त्रण प्रणालीको असल कार्यान्वयन तथा सूचना

प्रविधिको उच्चतम उपयोग मार्फत योगदानकर्ता एवं रोजगारदाता मैत्री सेवाप्रवाह गर्दै अगाडि बढ्नेमा कोष प्रतिबद्ध रहेको छ। यसरी अगाडि बढ्ने क्रममा सदा झै सबै पक्षबाट आवश्यक मार्गदर्शन, सुझाव, सल्लाह एवं सहयोग अपरिहार्य छ। सबै सरोकारवाला पक्षबाट आगामी दिनहरूमा समेत यथोचित सहयोग तथा मार्गदर्शनको अपेक्षा गर्दछौ।

धन्यवाद ।

विषयसूची

परिच्छेद-१ 4

परिचय 4

१.१ सामाजिक सुरक्षा कोषको विकासक्रम 4

१.२ कोषको संगठनात्मक संरचना 5

१.३ मानव स्रोत 5

१.४ आ. व. २०८१/८२ को संचालक समिति बैठक तथा प्रमुख निर्णयहरु 6

१.५ कोषको भौतिक स्रोत साधनको अवस्था 9

१.६ सूचना प्रवाह तथा गुनासो सम्बोधन 9

१.७ आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासन 9

परिच्छेद-२ 11

सञ्चालित योजना र योजना अन्तर्गत प्राप्त सुविधाहरु 11

२.१ औपचारिक क्षेत्रको योजना र योजना अन्तर्गतका सुविधाहरु 11

२.२ वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सुविधा योजना 13

२.३ अनौपचारिक तथा स्वरोजगार श्रमिकको सुविधा योजना तथा सुविधाहरु 14

परिच्छेद-३ 17

सूचीकरण, रकम संकलन तथा दाबी भुक्तानी 17

३.१ सूचीकरण 17

३.२ योगदान रकम संकलन 19

३.३ दाबी भुक्तानी 19

३.४ दाबी भुक्तानीका उप शिर्षक अनुसार वार्षिक तुलनात्मक तथ्याङ्क 21

परिच्छेद-४ 24

कोषको रकम लगानी तथा प्रतिफलको विवरण 24

४.१ कोषको रकम लगानी सम्बन्धी व्यवस्था 24

४.२ लगानी पोर्टफोलियो 24

४.३ योगदानकर्तालाई वितरण गरिएको प्रतिफलको विवरण 25

परिच्छेद-५ 28
योजनाहरुको वित्तीय विवरण 28
५.१ कोषको समग्र वित्तीय अवस्था 28
५.२ सामाजिक सुरक्षा योजनाहरुको आय ब्यय विवरण 28
५.२.१ औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाको आय/व्यय विवरण 29
५.२.२ दुर्घटना तथा अशक्तता सुरक्षा योजनाको आय/व्यय विवरण 29
५.२.३ आश्रित परिवार सुरक्षा योजनाको आय/व्यय विवरण 30
५.२.४ वृद्धावस्था सुरक्षा योजनाको आय/व्यय विवरण 30
५.३ राष्ट्रियस्तरको कल्याणकारी कोषको विवरण 31
५.४ सामाजिक सुरक्षा करको आय व्यय विवरण 31
परिच्छेद-६ 34
कोषको आ व २०८१/८२ को प्रगति समिक्षा 34
६.१ मन्त्रालयको माइलस्टोनमा तोकिएका लक्ष्य र प्रगति अवस्था 34
६.२ २०८१/८२ को नीति कार्यक्रम र बजेटमा राखिएका लक्ष्य प्राप्तीको अवस्था 34
६.३ समिक्षा अवधिका अन्य उपलब्धीहरु 35
परिच्छेद-७ 37
समस्या, चुनौती तथा भावी योजना 37
७.१ कोषले भोग्नुपरेका समस्या 37
७.२ समस्या समाधानका लागि गरिएका प्रयासहरु 38
७.३ चुनौतीहरु 38
७.४ भावी योजना 39
अनुसूची १: कोषको संगठन संरचना 0

परिच्छेद-१

परिचय



परिच्छेद-१
परिचय

१.१ सामाजिक सुरक्षा कोषको विकासक्रम

शासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी २०६७ चैत्र ७ गते सामाजिक सुरक्षा कोष नियमावली (व्यवस्थापन तथा सञ्चालन), २०६७ जारी भै सोही नियमावली बमोजिम सामाजिक सुरक्षा कोष स्थापना भएको हो। स्थापनाको लामो समयसम्म सामाजिक सुरक्षा करको व्यवस्थापन तथा सामाजिक सुरक्षा कानुनहरुको तर्जुमामा केन्द्रित रहेको कोषले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सोही ऐन बमोजिम कार्य गर्दै आएको छ। २०७५ मंसिर ११ गतेबाट औपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुका लागि सामाजिक सुरक्षा योजनाको शुभारम्भ गरी २०७६ श्रावण ०१ देखि पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको छ भने २०७९ चैत्र ८ गतेबाट वैदेशिक रोजगारीमा रहेका श्रमिकहरु र २०८० श्रावण ३१ गतेबाट अनौपचारिक तथा स्वरोजगार श्रमिक समेत आवद्ध हुनसक्ने गरी सामाजिक सुरक्षा योजना कार्यान्वयनमा ल्याएको छ। यस कोषको विकासक्रमलाई तलको समयरेखामा प्रस्तुत गरिएको छ।



१.२ कोषको संगठनात्मक संरचना

सामाजिक सुरक्षा कोषले गर्ने कार्यको प्रकृतिका आधारमा सामाजिक सुरक्षा कोषमा केन्द्रतर्फ दुई विभाग, ४ महाशाखा, १३ शाखा तथा ९ इकाईहरू भएको (**अनुसूची:१**) बमोजिमको संगठन संरचना रहेको छ। नयाँ संगठन संरचना अन्तर्गत कोशी प्रदेशको विराटनगर र मधेश प्रदेशको सिमरामा शाखा कार्यालय थप गरिएको छ भने पोखरा, बुटवल, नेपालगञ्ज र जनकपुरमा सम्पर्क कार्यालय स्थापना गरिएको छ। आवस्यकताको आधारमा शाखा कार्यालयहरु खोल्न सक्ने कानुनी प्रावधान रहेको हुँदा कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशलाई समेट्ने गरी कार्यालय स्थापना गर्ने तयारी भइरहेको छ।

१.३ मानव स्रोत

कोषमा स्थाई र करार गरी १२८ जनाको स्वीकृत दरबन्दी रहेकोमा हाल विभिन्न तहमा कुल ७० जना स्थायी कर्मचारीहरू (कार्यकारी निर्देशक सहित) र १५ जना करार कर्मचारीहरू कार्यरत रहेका छन्। कोषको कार्य क्षेत्र बढ्दै गएको तथा सुविधाको दायरा समेत थप भएको सन्दर्भमा कोषमा तुलनात्मक रुपमा न्यून संख्यामा कर्मचारीहरु रहेका छन। स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरुमा लोक सेवा मार्फत पदपूर्तिको प्रकृया अन्तिम चरणमा रहेको छ।

तालिका नं. १ कार्यकारी निर्देशक र स्थायी कर्मचारीहरुको विवरण

स्तर	तह		दरबन्दी	विद्यमान	रिक्त
अधिकृत स्तर	उच्च व्यवस्थापन	का. नि.	१	१	०
		एघार	२	२	०
		दश	४	३	१
	व्यवस्थापन	नौ	७	७	०
		आठ	१३	९	४
	अधिकृत	सात	१७	९	८
		छ	२४	१९	५
सहायक स्तर	सहायक	पाँच	१९	१०	९
		चार	१७	१०	७
जम्मा			१०४	७०	३४

तालिका नं. २ कोषको आन्तरिक करार तथा सेवा करारको विवरण

पद	संख्या	कार्यरत		कैफियत
		महिला	पुरुष	
विविध स्वास्थ्य	१२	३	९	सेवा करार
तथ्याङ्क प्रविष्टि सहायक	११	१०	१	आन्तरिक करार
हलुका सवारी चालक	२	०	२	१ जना सेवा करार
कार्यालय सहयोगी	१०	७	३	७ जना सेवा करार
कल सेन्टर	८	५	३	सेवा करार
सूचना प्रणाली डेभलपर्स	९	२	७	सेवा करार
जम्मा	५२	२७	२५	

तालिकामा उल्लेख गरिएका अतिरिक्त कानुनी परामर्श, वित्तीय परामर्श, पाले पहरा लगायतका कार्यको लागि स्वीकृत बजेट तथा प्रचलित खरिद सम्बन्धी व्यवस्थाको अधिनमा रही कम्पनीहरु मार्फत् सेवा करार गरी कर्मचारी व्यवस्थापन हुँदै आएको छ भने विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नको रुपमा लिई निश्चित कामहरू समेत लगाउने गरिएको छ।

१.४ आ. व. २०८१/८२ को संचालक समिति बैठक तथा प्रमुख निर्णयहरु

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २९ बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा सरकार, रोजगारदाता र ट्रेड युनियन प्रतिनिधिहरु रहेको १३ सदस्यीय त्रिपक्षीय कोष सञ्चालक समिति गठन भई कार्य सम्पादन हुँदै आएको छ। ऐनको दफा ३० ले समितिको बैठक कम्तिमा छ महिनामा एक पटक र आवश्यकताका आधारमा जतिसुकै पटक बस्न सक्ने व्यवस्था गरेकोमा आ. व २०८१/८२ मा कोषको जम्मा १८ ओटा बैठक बसी कोषका काम कारबाही संचालन सम्बन्धमा महत्त्वपूर्ण निर्णयहरू भएका छन्। ति निर्णयहरुलाई संक्षेपमा तल उल्लेख गरिएको छ।

बैठक क्रम संख्या	मुख्य-मुख्य छलफल तथा निर्णयहरु
पहिलो बैठक	मिति २०८१।०४।०३ गते मंगलबार बसेको संचालक समिति बैठकले व्याजदर समायोजन सम्बन्धमा योगदान रकमको वार्षिक ५.५%; विशेष सापटी ६.६०%; घर/शैक्षिक/सामान्य सापटी ७.५०%; भुक्तानी म्याद नाघेमा १% पेनाल्टी २०८१/०४/०१ गतेदेखि लागू हुने गरी निर्णय।
दोस्रो बैठक	मिति २०८१।०४।२८ गते सोमबार बसेको संचालक समिति बैठकले घुन्सा खोला हाइड्रो (77.5 मेगावाट) को सह-वित्तीयकरण प्रस्ताव अध्ययन, कार्यकारी निर्देशकको मूल्याङ्कन उपसमिति गठन र अनौपचारिक क्षेत्र म्याण्डेट कार्यदलका सदस्यको विदेश भ्रमण स्वीकृतका साथै लगानी मसौदा पठाउन उद्योग महासंघलाई अनुरोध गर्ने निर्णय।

तेस्रो बैठक	मिति २०८१।०५।१७ गते सोमबार बसेको संचालक समिति बैठकले घुन्सा खोला परियोजना सह-वित्तीयकरणमा थप अध्ययनका साथै लगानी कार्यविधि २०७७ संशोधन मस्यौदा अगामी बैठकमा पेश गर्ने सम्बन्धी निर्णय।
चौथो बैठक	मिति २०८१।०५।२६ गते बुधबार बसेको संचालक समिति बैठकले लगानी कार्यविधि संशोधनमा छलफल, उठेका विषयहरू अगामी बैठकमा पेश गर्ने गरी निर्णय।
पाँचौ बैठक	मिति २०८१।०६।१० गते बिहीबार बसेको संचालक समिति बैठकले घुन्सा खोला परियोजनाबारे DK Consult को रिपोर्ट तथा मन्त्रालयको सुझाब सम्बन्धी उच्चस्तरीय समिति प्रगतिका सम्बन्धमा छलफल भई विशेष प्रकृतिका समिति बैठक भत्ता निर्धारणका साथै न्यूनतम सापटी सीमा १०,००० प्रस्ताव भएको।
छैठौ बैठक	मिति २०८१।०७।०५ गते सोमबार बसेको संचालक समिति बैठकले सामाजिक सुरक्षा अभियान महिना २०८१ कार्यक्रम अनुमोदन,वार्षिक प्रतिवेदन सार्वजनिक सिफारिसका साथै विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिताको मनोनयन र कर्मचारीको वैदेशिक भ्रमण स्वीकृतिका लागि अधिकार प्रत्यायोजन गरी कर्मचारी पुरस्कार मापदण्ड सम्बन्धी निर्देशन जारी गर्दै कर्मचारी ऋण/सापटी (पहिलो संशोधन) २०८१ स्वीकृति सम्बन्धी निर्णय।
सातौ बैठक	मिति २०८१/०८/०२ गते आइतबार बसेको संचालक समितिको बैठकले घुन्सा खोलामा सहवित्तियकरण ऋण लगानी गर्ने,सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ संशोधन सम्बन्धी प्रस्ताव पेश गर्ने लगायतका विषयमा छलफल तथा निर्णय।
आठौं बैठक	मिति २०८१/०८/०६ गते बिहीबार बसेको संचालक समितिको बैठकले सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को संशोधन सम्बन्धमा उपसमितिबाट तर्जुमा गरिएको प्रारम्भिक प्रतिवेदनमा छलफल गरी व्यवस्थापन समक्ष पेश गर्ने निर्णय।
नवौं बैठक	मिति २०८१/०८/१० गते सोमबार बसेको संचालक समितिको बैठकले सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को पाँचौ संशोधनको मस्यौदा उपर छलफल भए बमोजिमको परिमार्जन गरिएको मस्यौदा स्विकृत गरी मन्त्रालयमा सिफारिस गर्ने सम्बन्धमा निर्णय।
दशौं बैठक	मिति २०८१।०९।१२ गते शुक्रबार बसेको संचालक समिति बैठकले नयाँ संचालक सदस्यलाई स्वागत गर्दै संगठन संरचना पुनरावलोकनका सम्बन्धमा निर्देशन भई अनौपचारिक/वैदेशिक रोजगारी ऐन २०७९ संशोधन उपसमिति गठन; म्युचुअल फन्ड रु १० करोड र 'क' वर्गको कमर्शियल बैंक डिबेन्चर रु ५० करोड लगानीका लागि अधिकार प्रदान; प्रशासन नियमावली संशोधन तयारी; अन्तर योजना स्थानान्तरण सम्बन्धी मार्गदर्शनका सम्बन्धमा निर्णय भएको।
एघारौं बैठक	मिति २०८१।१०।०८ गते मंगलबार बसेको संचालक समितिको बैठकले नवनियुक्त संचालक समिति अध्यक्षको स्वागत; कार्यकारी निर्देशकको २०८०/८१ को कार्यसम्पादन मूल्याङ्कन अनुमोदन र कार्यान्वयन निर्देशन; योगदानमा आधारित ऐन २०७४ संशोधन सम्बन्धी प्रस्ताव, कर्मचारीको विदेश भ्रमण स्वीकृति र प्रकृया सम्बन्धी निर्णय।

बाह्रौं बैठक	मिति २०८१।१०।१३ गते आइतबार बसेको संचालक समितिको बैठकले चिलिमे सेती परियोजना लागि परियोजनाको तर्फबाट भएको प्रस्तुतिकरण सहित सूचकको विश्लेषण सहित पुन पेश गर्ने, सामाजिक सुरक्षा कोषको लगानी सम्बन्धी प्रतिवेदन पेश गर्ने साथै कोषको रकम लगानी गर्ने सम्बन्धमा छलफल तथा निर्णय।
तेह्रौं बैठक	मिति २०८१।११।१८ गते आइतबार बसेको संचालक समितिको बैठकले सरकारी/संस्थागत अस्थायी/करार कर्मचारीलाई कोषमा आवद्धता सम्बन्धी राजपत्र सूचनाको सिफारिस; योगदानकर्ताका लागि व्याजदर परिमार्जनः वार्षिक ५.५% → ५.०%, विशेष सापटी ६.६% → ६.१%, घर/शैक्षिक ७.५% → ७.०%; सरकारी ऋणपत्रमा लगानीका लागि अधिकार; वैदेशिक योगदान संकलनका लागि ग्लोबल IME र Himalayan बैंकमा खाता; लेखा समिति सदस्य मनोनयन; लगानी कार्यविधि संशोधन मस्यौदा तयारी; कार्यकारी निर्देशक कार्यसम्पादन मूल्याङ्कन उपसमिति गठन सम्बन्धी निर्णय।
चौधौं बैठक	मिति २०८१।१२।०५ गते मंगलबार बसेको सञ्चालक समितिको बैठकले सामाजिक सुरक्षा कोषको लगानी कार्यविधि, २०७७ र सामाजिक सुरक्षा कोषको योगदानकर्ता सापटी निर्देशिका,२०७९ को संशोधन नेपाल सरकारबाट स्विकृत गर्न मन्त्रालय मार्फत स्वीकृतिको लागि सिफारिस गर्ने निर्णय।
पन्ध्रौं बैठक	मिति २०८२।०२।१३ गते मंगलबार बसेको संचालक समितिको बैठकले कर्मचारी बढुवा कार्यान्वयन (सूची अनुसार ३ जना) सम्बन्धी निर्णय भई दोस्रो पंचवर्षीय रणनीतिक योजना (२०८२/०८३-२०८६/८७) र आ.व २०८२/८३ को वार्षिक कार्यक्रम/बजेट उपसमिति गठन हुनुका साथै कर्मचारीको विदेश भ्रमण अनुमोदन भई कर्मचारी संघबाट ज्ञापनपत्र प्राप्त भएको विषयमा जानकारी ।
सोह्रौं बैठक	मिति २०८२।०३।०२ गते सोमबार बसेको संचालक समितिको बैठकले कर्मचारी कल्याण बजेट (आ.व. २०८१/८२) सम्बन्धी छलफल; वैदेशिक/स्वरोजगार व्यक्तिका 20% छुट शर्तसहित अन्तर-योजना स्थानान्तरण; सम्पत्ति शुद्धिकरण/आतंकी गतिविधि न्यूनिकरण लगानी नीतिको उपसमिति; संगठन संरचना प्रतिवेदन पुनरावलोकन; यातायात क्षेत्र उपसमिति गठन र कार्यादेश।
सत्रौं बैठक	मिति २०८२।०३।१५ गते आइतबार बसेको संचालक समितिको बैठकले आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन योजना र अनुगमन; अभौतिक लेखापरीक्षणपछि प्रशासन नियमावली २०७६ अनुसार समायोजनआ.व.२०८०/०८१ वित्तीय विवरण प्रमाणित गरी प्रकाशन; समिति बैठक अनुपस्थित कार्यकारिणीहरूको जानकारी सम्बन्धित निकायलाई जानकारी गराउने सम्बन्धमा निर्णय।
अठारौं बैठक	मिति २०८२।०३।३२ गते बुधबार बसेको संचालक समितिको बैठकले आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम तय गरी कूल रु. ५३ करोड ८३ लाख २९ हजार रकम बजेट विनियोजन गर्ने तथा कोषमा जम्मा भएको रकम मा ४% ब्याज प्रदान गर्ने साथै विषेश सापटीमा ५.६% र योगदानकर्ता घर, शैक्षिक र सामाजिक कार्य सापटीको लागि ६.५% वार्षिक ब्याजदर निर्धारण गर्ने सम्बन्धी निर्णय।

१.५ कोषको भौतिक स्रोत साधनको अवस्था

कोष लामो समय देखि सिमित स्रोत तथा साधनमा रहेर कार्य सञ्चालन गरिरहेको छ। कोषको सेवा विस्तार भएसँगै वार्षिक बजेट स्वीकृत गरी अत्यावश्यक भौतिक सामग्रीहरु थप गर्दै लगिएको छ। शुरु मौज्दात जिन्सी निरीक्षण प्रतिवेदन, २०८२ मा उल्लेख भए बमोजिम रहेको र यस वर्ष कोषको केन्द्रीय कार्यालय, शाखा तथा सम्पर्क कार्यालयको लागि खरिद भएका भौतिक सामग्रीहरुलाई **अनुसूचीः२** मा समावेश गरिएको छ। यस आर्थिक वर्ष कोषमा कुनै पनि भौतिक साधन हस्तान्तरण भई आएको छैन।

१.६ सूचना प्रवाह तथा गुनासो सम्बोधन

कोषले व्यवस्थापन सूचना प्रणालीको सफल अभ्यास गरीरहेको छ। प्रत्येक शाखा, महाशाखा तथा विभागबिच समन्वय गर्नुपर्ने विषय तथा सूचनाहरूको व्यवस्थापनका लागि आन्तरिक ईमेल तथा परिपत्रमार्फत सूचना प्रवाहको व्यवस्था मिलाइएको छ। बाह्य सूचना प्रणालीअन्तर्गत कोषबाट सम्पादित काम कारबाहीहरूका सम्बन्धमा सरोकारवालालाई पारदर्शी रुपमा सूचनाहरू प्रवाह गर्ने प्रभावकारी प्रणालीको विकास गरिएको छ। प्रवक्ता, सह प्रवक्ता, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी लगायतको व्यवस्था गरिएको छ। गुनासो पेटिका र विद्युतीय माध्यमबाट सुझाव तथा गुनासाहरूको व्यवस्थापन गरिएको छ। कोषले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त निर्देशन तथा कोषका कानुनी व्यवस्थाहरूको पूर्ण रुपमा पालना गर्दै आएको छ। कोषबाट योगदानकर्तालाई बिना भेदभाव सेवा प्रदान गर्ने, सेवा तथा सुविधा विस्तार गर्ने, नागरिक बडापत्रको व्यवस्था गर्ने, अनलाइन सेवा प्रवाह गर्ने, सेवा प्रक्रिया सरल र सहज बनाउने प्रयत्न गरिएको छ। कोषको हट लाइन नं १११६ मार्फत २४ घण्टा कल सेन्टर सेवा प्रदान गरिएको छ भने सञ्चालक समितिबाट निर्णय गरी यसै वर्षबाट कार्यकारी निर्देशकबाट मनोनयन हुने सम्वन्धित क्षेत्रका ७ जना कर्मचारी रहेको Rapid Response Team को समेत व्यवस्था गरिएको छ जसले योगदानकर्ताहरु स्वास्थ्य संस्थामा गई सेवा लिने सन्दर्भमा आइ पर्ने समस्याहरुको सहजीकरण, सूचीकरण सहजीकरण, तत्काल गर्नु पर्ने KYC विवरण अध्यावधिक गर्ने कार्य लगायत अन्य कार्यहरु गर्ने गरेको छ।


१.७ आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासन

कोषबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषयको निरुपण गर्ने अधिकार कोषको सञ्चालक समितिमा रहेको छ। सञ्चालक समितिले कोषका कार्यकारी निर्देशकलाई र कार्यकारी निर्देशकले अन्तर्गतका कर्मचारीलाई आवश्यक अधिकार प्रत्यायोजन तथा निर्देशन दिने गरिएको छ। कोषले वित्तीय प्रतिवेदनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउने तथा नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुरुप तयार गर्ने प्रकृया यसै आ व बाट शुरु गरेको छ। कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आर्थिक प्रशासन विनियमावली, २०७५ मा कोषमा एक स्वतन्त्र लेखापरीक्षण समितिको व्यवस्था गरिएको छ। कोषको समग्र लेखाङ्कन प्रणालीमा सुधार गर्न आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजु फछ्यौंटसम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउने कार्यहरू भएका छन्।

परिच्छेद-२

सञ्चालित योजना र

योजना अन्तर्गत प्राप्त सुविधाहरु



परिच्छेद-२

सञ्चालित योजना र योजना अन्तर्गत प्राप्त सुविधाहरु

२.१ औपचारिक क्षेत्रको योजना र योजना अन्तर्गतका सुविधाहरु

सामाजिक सुरक्षा कोषले सञ्चालन गरिरहेका योजनाहरू जिवनचक्रमा आधारित जोखिम व्यवस्थापन गर्ने योगदानमा आधारित सामाजिक बीमा योजनाहरू हुन्। योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनको दायरालाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १० ले निर्देशित गरेको छ। सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ (तेस्रो संशोधन २०७९/०६/०५) ले औपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको सामाजिक सुरक्षा योजनालाई निर्देशित गर्दछ। यस कार्यविधिमा तल उल्लेख भए बमोजिम चार प्रकारका सुविधा योजनाहरूको व्यवस्था गरिएको छ।

२.१.१ औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गतका सुविधाहरु

श्रमिकको आधारभूत पारिश्रमिकको १ प्रतिशत रकम जम्मा हुने गरेको यस योजना अन्तर्गतका सुविधाहरु थप भएको कारण बिमाङ्कीय मुल्याङ्कन मार्फत १.२ प्रतिशत रकम जम्मा हुने व्यवस्था गरिएको छ। यस योजना अन्तर्गत योगदानकर्ता वा योगदानकर्ताको दम्पती र १८ वर्ष नकटेका छोराछोरी बिरामी भई स्वास्थ्य उपचार सुविधा लिनु पर्ने भएमा, भर्ना भएर गरिने उपचारमा वार्षिक रु १ लाख सम्म र भर्ना नभई गरिने उपचारमा रु २५ हजारसम्मको उपचार सुविधा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। स्वास्थ्य उपचार सुविधा प्राप्त गर्न घटना घट्नु भन्दा अघिको कम्तिमा ३ महिनाको योगदान कोषमा जम्मा भएको हुनु पर्दछ। दाबी रकमको २० प्रतिशत आफैं व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ। यसै वर्ष कार्यविधिमा संशोधन गरी ६० महिना सम्म नियमित योगदान गर्ने योगदानकर्ता बिरामी भई उपचार गर्नु परेमा १ लाख भन्दा बढि रु १० लाख सम्मको उपचारमा पचास प्रतिशत उपचार खर्च कोष मार्फत भुक्तानी हुने व्यवस्था गरिएको छ। थप भएको यस व्यवस्थाको कारण नियमित योगदान गर्ने योगदानकर्ताहरुलाई थप सुविधा सुनिश्चित भएको छ।

त्यसै गरी नेपाल सरकारले घोषणा गरेका कुनै पनि घातक रोग लागि उपचार गर्नुपर्ने भएमा रु. १० लाख सम्म सुविधा प्राप्त हुन्छ। घातक रोगको उपचार सुविधा प्राप्त गर्न भने २ वर्षको योगदान भएको हुनु पर्दछ। यो योजना कोषसँग सेवा प्रवाह सम्झौता गरिएका अस्पतालहरु मार्फत सञ्चालन हुने हुँदा योगदानकर्ताले बिना झण्झट सुविधा लिन सक्दछन।

उपचार खर्चका अतिरिक्त भर्ना भई उपचार गर्नु पर्ने अवस्थामा बार्षिक अधिकतम ७९ दिनसम्मको बिरामी बिदा बापत आधारभूत पारिश्रमिकको ६० प्रतिशतका दरले रकम प्राप्त गर्ने व्यवस्था रहेको छ। यस्तो सुविधा आफ्नै पोर्टल मार्फत दाबी गर्नसकिने गरी कोषले व्यवस्था मिलाएको छ। त्यसैगरी, योगदानकर्ता वा योगदानकर्ताको पत्नी सुत्केरी भएमा एक महिनाको न्यूनतम पारिश्रमिक (हाल रु. १९५५०) बराबरको रकम शिशु स्याहार खर्च पाउनुका साथै योगदानकर्ता वा नीजको पत्नीको उपचार खर्च र महिला योगदानकर्ताको हकमा बढीमा ३८ दिनसम्मको आधारभूत पारिश्रमिकको ६० प्रतिशतका दरले प्रसूती बिदा बापतको रकम समेत प्राप्त हुने व्यवस्था गरिएको छ।

२.१.२ दुर्घटना तथा अशक्तता सुरक्षा योजना

श्रमिकको आधारभुत पारिश्रमिकको १.४ प्रतिशत रकम जम्मा हुने हुने गरेको यस योजनामा बिमाङ्कीय मुल्याङ्कन मार्फत ०.८ प्रतिशत रकम जम्मा हुने व्यवस्था गरिएको छ। यस योजना अन्तर्गत योगदानकर्ताको कार्यालयको कामको शिलशिलामा भएको दुर्घटना र व्यवसायजन्य रोगको सम्पूर्ण उपचार खर्च कोषले प्रदान गर्दछ भने अन्य दुर्घटनाको हकमा सात लाखसम्मको उपचार खर्च प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। त्यसै गरी, कामको सिलसिलामा हुने दुर्घटनाको कारण योगदानकर्ता अशक्त भएमा स्वास्थ्य परीक्षण समितिले गरेको सिफारिसको आधारमा स्थायी पूर्ण असक्षमता भएमा आधारभुत पारिश्रमिकको ६० प्रतिशत आजीवन असक्तता वृत्ति, अस्थायी पूर्ण असक्षमता भएमा काममा नफर्कउन्जेल पारिश्रमिकको ६० प्रतिशत मासिक वृत्ति र स्थायी आंशिक असक्षमता भएमा असक्षमताको प्रतिशतको आधारमा पारिश्रमिकको ६० प्रतिशत रकमलाई शत प्रतिशत मानी अशक्तता प्रतिशतको आधारमा आजीवन असक्तता वृत्ति पाउने व्यवस्था गरिएको छ। यसरी प्राप्त हुने सुविधाहरुमा बिमाङ्कीय मूल्याङ्कन भई नियमित समायोजन समेत हुने व्यवस्था गरिएको छ।

२.१.३ आश्रित परिवार सुरक्षा योजना

श्रमिकको आधारभूत पारिश्रमिकको ०.२७ प्रतिशत जम्मा हुने हुने गरेको यस योजनाको दिर्घकालिन सन्तुलनको लागि बिमाङ्कीय मुल्याङ्कन मार्फत ०.६७ प्रतिशत रकम जम्मा हुने व्यवस्था गरिएको छ। यस योजना अन्तर्गत योगदाकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा निजको पति वा पत्नीले योगदानकर्ताको वृद्धावस्था सुरक्षा योजना अन्तर्गत जम्मा भएको सम्पूर्ण रकम प्रतिफल सहित फिर्ता पाउने व्यवस्था छ। यसका अतिरिक्त योगदाकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा निजको पति वा पत्नीले पारिश्रमिकको ६० प्रतिशत आजीवन निवृत्तभरण पाउने (वैकल्पिक रोजगारीमा रहेको र विवाह गरेमा नपाउने), अविवाहित योगदानकर्ताको हकमा निजको आश्रित बाबु आमाले सो सुविधा पाउने व्यवस्था छ। यसरी मृत्यु हुने योगदानकर्ताको बालबच्चाहरूले पारिश्रमिकको ४० प्रतिशत रकम बच्चाहरू १८ वर्ष उमेर नपुग्दासम्म मासिक रुपमा पाउने र अध्ययन निरन्तर भएको अवस्थामा शैक्षिक वृत्ति सुविधा २१ वर्ष उमेर नपुग्दासम्म पाउने व्यवस्था छ। न्यूनतम पारिश्रमिकको पाँच गुणा भन्दा बढि हुने गरी भने यस योजना अन्तर्गत सुविधा दिइदैन। साथै, अन्तिम संस्कार बापत मृतकको परिवारले रु २५००० प्राप्त गर्ने व्यवस्था रहेको छ।

२.१.४ वृद्ध अवस्था सुरक्षा योजना

श्रमिकको आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत जम्मा हुने यस योजना अन्तर्गत दुई प्रकारका उप योजनाहरु सञ्चालन गरिएका छन। २८.३३ मध्ये २० प्रतिशत रकमबाट निवृत्तभरण योजना र ८.३३ प्रतिशत रकमबाट अवकास सुविधा योजना सञ्चालन गरिन्छ। योगदानकर्ताको उमेर ६० वर्ष पुगेपछि निवृत्तभरण योजनामा जम्मा भएको प्रतिफल सहितको रकमलाई १६० ले भाग गरी आउने रकम मासिक रुपमा आजीवन निवृत्तभरण पाउने व्यवस्था गरिएको छ। निवृत्तभरण लिन सुरु गरेको १८० महिना नपुग्दै मृत्यु भएमा निजको पति वा पत्नीले ५० प्रतिशत रकम आजिवन निवृत्तभरण बापत प्राप्त गर्ने व्यवस्था छ। वि. सं. ०७८ असार मसान्तभित्र योगदान प्रारम्भ गर्ने योगदानकर्ताले चाहेमा यस योजनाको रकम अवकास सुविधा योजनामा

हस्तान्तरण गर्न सक्ने व्यवस्था छ। ८.३३ प्रतिशत अनिवार्य र अन्य स्वेच्छिक रकम जम्मा हुने र अन्य अवकास कोषमा जम्मा भएको रकम समेत हस्तान्तरण भई आएमा अवकाश योजनामा जम्मा हुने व्यवस्था गरिएको छ। अवकाश योजनामा जम्मा भएको रकममा तोकिए बमोजिमको ब्याज र लगानीबाट प्राप्त प्रतिफल समेत वार्षिक रुपमा थप हुने व्यवस्था गरिएको छ। त्यसै गरी, नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ५ गुणा भन्दा बढी रकम निवृत्तभरण सुविधा योजनामा जम्मा हुने भएमा बढी भएजति रकम अवकाश सुविधा योजनामा जम्मा गर्न सक्ने व्यवस्था छ भने योगदानकर्ताले चाहेमा अवकाश योजनामा जम्मा भएको रकमको ८० प्रतिशतसम्म सापटी सुविधा लिन सकिने व्यवस्था छ।

२.२ वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सुविधा योजना

कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना मिति २०७९ चैत्र ८ गतेबाट शुरु गरिएको छ भने यस योजनालाई थप आकर्षक बनाउने सन्दर्भमा कार्यविधि संशोधन भई मिति २०८० फाल्गुण १७ गतेबाट संशोधित कार्यविधि लागु गरिएको छ। यस योजनामा नयाँ श्रम स्विकृति लिएर जाने क्रममा शुरुमा वा विदेशबाटै समेत आवद्ध हुन सकिने व्यवस्था गरिएको छ। यो योजनामा सरिक हुन कोषमा नेपाल सरकारले औद्योगिक क्षेत्रका श्रमिकहरुको लागि तोकेको न्युनतम आधारभुत पारिश्रमिकको २१.३३ प्रतिशत योगदान गर्नु पर्दछ। यसरी जम्मा भएको रकमको ७.४८ प्रतिशत रकम सामाजिक बीमा योजना अन्तर्गत दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुविधा योजनाहरुको लागि जम्मा हुन्छ भने बाँकी १३.८५ प्रतिशत वृद्धावस्था सुरक्षा योजना अन्तर्गत निवृत्तिभरण योजनामा जम्मा हुन्छ। सोभन्दा बढी रकम जम्मा गर्न सकिने र यसरी बढी जम्मा गरेको रकम श्रमिकले चाहेमा नेपाल फर्किने बित्तिकै निकाल्न मिल्ने गरी अवकाश बचतको रुपमा जम्मा हुने व्यवस्था गरिएको छ।

२.२.१ दुर्घटना तथा अशक्तता सुरक्षा योजना

यस योजना अन्तर्गत वैदेशिक रोजगारीमा रहेका वा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरु जुनसुकै प्रकारको दुर्घटनामा परि नेपाल फर्किएर उपचार गर्नु पर्ने भएमा रु ७ लाख सम्म उपचार खर्च पाउने व्यवस्था छ। त्यसै गरी, दुर्घटनामा परि अशक्त भएकोमा अशक्तताको अवस्था हेरी पूर्ण अशक्तताको अवस्थामा नेपाल सरकारले औपचारिक क्षेत्रका श्रमिकको लागि निर्धारण गरेको न्युनतम आधारभुत पारिश्रमिकको ६० प्रतिशत सम्म अशक्तता पेन्सन प्राप्त गर्न सक्ने व्यवस्था छ। उल्लेखित सुविधाहरु प्राप्त गर्न घटना घट्नु भन्दा अघिको पछिल्लो ६ महिनामा ३ महिनाको योगदान भएको हुनु पर्दछ।

२.२.२ आश्रित परिवार सुरक्षा योजना

जुनसुकै कारणबाट योगदानकर्ताको मृत्यु भएमा योगदानकर्ताको पति वा पत्नि वा अविविहित योगदानकर्ताको हकमा निजको बुबाआमाले न्यूनतम आधारभूत पारिश्रमिकको ४० प्रतिशत आश्रित परिवार पेन्सन र १८ वर्ष भन्दा कम उमेरका छोराछोरीले ४० प्रतिशत शैक्षिकवृत्ती प्राप्त गर्ने व्यवस्था रहेको छ। आश्रित परिवारले प्राप्त गर्ने पेन्सन नियमित आम्दानी नभएको अवस्थामा मात्रै प्रदान गरिन्छ साथै आश्रितको दोस्रो विवाह

भएमा समेत यस्तो पेन्सन प्राप्त हुदैन तर सन्ततीवृत्ती भने सन्तति निरन्तर अध्ययनरत रहेमा सन्ततीको उमेर २१ वर्ष नहुँदासम्म प्राप्त हुन्छ। त्यसै गरी, यो योजना अन्तर्गत योगदानकर्ताको मृत्यु हुँदा वृद्धावस्था सुरक्षा योजना अन्तर्गत जम्मा भएको रकम प्रतिफल समेत फिर्ता हुन्छ भने रु. २५ हजार अन्तिम संस्कार खर्च वापत प्राप्त हुन्छ। आश्रित पेन्सन र शैक्षिकवृत्ति प्राप्त गर्न घटना घट्नु भन्दा अघिको पछिल्लो १ वर्षमा ९ महिनाको योगदान भएको हुनुपर्दछ तर अन्तिम संस्कार खर्च पछिल्लो ६ महिनामा १ महिना मात्रै योगदान गर्नेले समेत प्राप्त गर्दछ।

२.२.३ वृद्धावस्था सुरक्षा योजना

वृद्धावस्था सुरक्षा योजना अन्तर्गत निवृत्तभरण योजना र अवकाश बचत योजना रहेका छन। मासिक रुपमा तोकिए बमोजिमको न्यूनत्तम जम्मा गरेको रकम निवृत्तभरण योजनामा र अतिरिक्त जम्मा भएको रकम अवकाश बचत योजनामा जम्मा हुने व्यवस्था गरिएको छ। अवकाश बचतको रुपमा जम्मा गरेको रकम रोजगारी समाप्त भई नेपाल फर्किए पछि प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ भने निवृत्तभरणमा जम्मा भएको रकम ६० वर्ष पछि मासिक पेन्सनको रुपमा प्राप्त हुने व्यवस्था छ।

२.२.४ औषधि उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा योजना

कोषमा आवद्ध भई पछिल्लो ६ महिनामा ३ महिनाको योगदान गरेको योगदानकर्ताको नेपालमा रहेको दम्पती र नीजको १८ वर्ष नकटेका छोराछोरीले यो योजना अन्तर्गत स्वास्थ्य उपचार सुविधा प्राप्त गर्ने व्यवस्था गरेको छ। नियमिति योगदानकर्ताले भर्ना नभई गरिने उपचारमा वार्षिक रु २५ हजार र भर्ना भएर गरिने उपचारमा रु १ लाख सम्म उपचार सुविधा प्राप्त गर्ने व्यवस्था गरिएको छ। त्यसै गरी, शिशुको जन्म भएमा नेपाल सरकारले तोकेको न्यूनत्तम पारिश्रमिक बराबर शिशु स्याहार खर्च पाउने व्यवस्था गरिएको छ।

२.२.५ अन्य सुविधाहरु

यस योजनामा आवद्ध हुने योगदानकर्ताहरुले कम्तिमा ६ महिनाको योगदान रकम एकमुष्ट कोषमा जम्मा गरेमा १० प्रतिशत छुट प्राप्त गर्ने, बीमा योजनाहरुमा लगातार ३ वर्ष सम्म सुविधा दाबी गर्नु नपरेमा बीमा योजनामा गर्नु पर्ने योगदान रकमको २० प्रतिशत छुट पाउने र आधिकारिक माध्यमबाट विप्रेषण पठाएकोमा बीमा योजनामा जम्मा गर्नु पर्ने रकममा २० प्रतिशत सम्म छुट पाउन सक्ने व्यवस्था गरिएको छ। यस अतिरिक्त सामाजिक सुरक्षाको यो योजनामा आवद्ध योगदानकर्ताहरुको नेपाल फर्किए पछि व्यवसाय प्रवर्धन कर्जा प्राप्त गर्न सक्ने, परिवारले समेत स्वास्थ्य उपचार सुविधा पाउन सक्ने गरी आवस्यक गृहकार्य भई रहेको छ।

२.३ अनौपचारिक तथा स्वरोजगार श्रमिकको सुविधा योजना तथा सुविधाहरु

स्वरोजगारमा रहेका व्यक्तिले कम्तिमा न्यूनतम आधारभूत पारिश्रमिक देखि अधिकतम यसको तीन गुणा सम्मको रकमको ३१% रकम योगदान गर्नु पर्दछ भने अनौपचारिक क्षेत्रका श्रमिकका लागि श्रमिकले नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ११ प्रतिशत र सरकारको तर्फबाट ९.३७ प्रतिशत रकम गरी कुल २०.३७ प्रतिशत योगदान जम्मा गर्नुपर्छ। सरकारको तर्फबाट हुनुपर्ने योगदान नभएमा सम्पूर्ण रकम

आफैं जम्मा गरी योजनामा सरिक हुन सकिन्छ। ऐनले सरकारको समेत योगदान हुने व्यवस्था गरेकोले यो कार्यक्रम हाल केही स्थानीय तहहरु मार्फत् मात्रै सञ्चालनमा रहेको छ।

२.३.१ औषधि उपचार,स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

यो योजना अन्तर्गत योगदानकर्ता, योगदानकर्ताको दम्पती र १८ वर्षसम्मका छोराछोरीको उपचार गर्नु पर्ने भएमा वार्षिक एक लाख सम्मको औषधीउपचार सुविधा, प्रसुति सम्बन्धी उपचार सुविधा, शिशु स्याहार बापत एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक बराबरको रकम र महिला योगदानकर्ताको हकमा ९८ दिन बराबरको मासिक न्यूनतम आधारभूत पारिश्रमिकको ६०% ले हुने रकम प्राप्त हुन्छ।

२.३.२ दुर्घटना तथा अशक्तता सुरक्षा योजना

यस योजना अन्तर्गत दुर्घटनामा परी अस्पतालमा उपचार गर्दा लागेको उपचार खर्चको अधिकतम् सात लाख रुपैया उपचार खर्चको शोधभर्ना हुन्छ भने दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षमता भएको श्रमिकले न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशतको रकम मासिक रुपमा काममा फर्कन नसकेसम्म अशक्तता पेन्सन प्रदान गरिन्छ। स्थायी असक्षमता प्रतिशतको आधारमा मासिक रुपमा जीवनकाल भर अशक्तता वृत्ति प्राप्त हुन्छ।

२.३.३ आश्रित परिवार सुरक्षा योजना

जुनसुकै कारणबाट योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले अनौपचारिक क्षेत्रको श्रमिक भए न्यूनतम आधारभूत पारिश्रमिकको र स्वरोजगार श्रमिकको हो भने औषत पारिश्रमिकको ४०%को दरले हुने रकम जीवनभर निवृत्तभरण पाउने व्यवस्था छ भने निजको १८ वर्ष उमेर पूरा नभएको सन्ततिले शैक्षिकवृत्ति वापत न्यूनतम आधारभूत पारिश्रमिकको ४०%रकम मासिक रुपमा पाउने व्यवस्था गरिएको छ। योगदानकर्ताको एकाघरको पति वा पत्नी वा छोरा वा छोरी नभएको तर निजसँग आश्रित बाबु आमा रहेछन् भने निजलाई न्यूनतम आधारभूत पारिश्रमिकको ४०% रकम निजको जीवनकालभर मासिक रुपमा प्रदान गरिन्छ। साथै, रु २५ हजार अन्तिम संस्कार खर्च समेत प्रदान गरिन्छ।

२.३.४ वृद्ध अवस्था सुरक्षा योजना

योगदानकर्ताको निवृत्तभरण प्राप्त गर्ने उमेर पश्चात् निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो र कममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने रकमबाट प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण पाउँछ। निवृत्तभरण प्राप्त गर्न शुरु गरेपछि निजको मृत्यु भएमा निजको पती वा पत्नीले योगदाकर्ताले पाइरहेको निवृत्तभरणको ५०% ले हुन आउने रकम आजिवन निवृत्तभरण प्राप्त गर्ने व्यवस्था गरिएको छ। न्यूनतम जम्मा गर्नुपर्ने बाहेक अतिरिक्त जम्मा गरेको रकम ३६ महिना पश्चात निकाल्न सकिने प्रावधान छ।

परिच्छेद-३

सूचीकरण, रकम संकलन तथा सुविधा भुक्तानी



परिच्छेद-३
सूचीकरण, रकम संकलन तथा दाबी भुक्तानी

३.१ सूचीकरण

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको कार्यगत दायरा भनेको सहभागिता, योगदान र सामाजिक सुरक्षा हो। सूचीकरण सामाजिक सुरक्षा कार्यक्रममा सहभागिताको पहिलो र अनिवार्य खुडकिलो हो। अहिले सञ्चालनमा ल्याइएका योजनाहरुले सिद्धान्ततः औपचारिक, अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुलाई समेट्दछ। औपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनका लागि सम्बन्धित रोजगारदाता मार्फत सूचीकृत हुनुपर्ने प्रबन्ध गरिएको छ। स्वरोजगार श्रमिक तोकिएबमोजिम कागजातहरु सहित आफैं सूचिकृत हुन सक्छन भने अनौपचारिक श्रमिक स्थानीय तह मार्फत सूचीकृत हुने व्यवस्था गरिएको छ। त्यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमिक श्रम स्वीकृतिको चरणमा वैदेशिक रोजगार विभागको प्रणाली मार्फत कोषमा सूचीकृत हुन्छन भने विदेशमा स्वरोजगार वा रोजगारीमा रहेको श्रमिक कोषको प्रणाली मार्फत सूचीकृत हुन सक्ने व्यवस्था गरिएको छ।

३.१.१ औपचारिक क्षेत्र अन्तर्गत रोजगारदाता सूचीकरणको प्रादेशिक विवरण

सामाजिक सुरक्षा कोषले औपचारिक क्षेत्रको सामाजिक सुरक्षा योजनाको सञ्चालन एकैपटक सबै प्रदेशहरूबाट सुरुवात गरेको हुँदा हाल सबै प्रदेशका रोजगारदाताहरुको कोषमा आवद्धता रहेको छ। उद्योग दर्ता भएको स्थानको आधारमा रोजगारदाता सूचिकरण गर्ने गरिएको हुँदा औद्योगिक सघनता अनुरुप प्रत्येक प्रदेशबाट कोषमा सहभागिता देखिदैन। मिति २०८२ असार मसान्तसम्म सामाजिक सुरक्षा कोषमा सूचीकृत रोजगारदाताको प्रादेशिक विवरण तालिका नं ४ मा देखाइएको छ।

तालिका नं ३ कोषमा आ. व. २०८१/८२ सम्म सूचीकृत रोजगारदाताको विवरण

(संख्यामा)

आ.व.	कोशी प्रदेश	मधेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश	जम्मा
२०७५/७६	२०७	१९९	२४७४	१४०	१६२	२९	५०	३२६१
२०७६/७७	१५८४	२९८	५९७७	४३६	७२८	९५	८४	९२०२
२०७७/७८	६९	१२९	१६९४	१०४	३८८	५१	७३	२५०८
२०७८/७९	२०	१५४	१६७०	११७	१८२	५५	४३	२२४१
२०७९/८०	९	५४	६४५	५२	३३	२०	१५	८२८
२०८०/८१	१४५	१४१	६७२	७८	१०५	११	१८	११७०
२०८१/८२	२४२	१७२	९८५	१७२	१४१	२४	३०	१७६६
कुल जम्मा	२२७६	११४७	१४११७	१०९९	१७३९	२८५	३१३	२०९७६

३.१.२ औपचारिक क्षेत्र श्रमिक सूचीकरण

कोषले २०७५ मंसिर ११ बाट औपचारिक क्षेत्रका श्रमिक सूचीकरण हुन सक्ने व्यवस्था गरे बमोजिम २०८१ असार मसान्तसम्मको सूचीकरणको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ४ कोषमा आ व २०८१/८२ सम्म सूचीकृत औपचारिक क्षेत्रका योगदानकर्ताको विवरण

(संख्यामा)

आ व	कोशी प्रदेश	मधेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश	जम्मा
२०७५/७६	१०४६	१९७७	१९७५०	६९३	७९०	७४	०	२४३३०
२०७६/७७	१५४५०	९५५२	९६९५९	५५३३	४३९०	२४६	५९२	१३२७२२
२०७७/७८	१२३४५	५३४६	८७५४३	५२८७	५१४०	४८८	५१९	११६६६८
२०७८/७९	५३८०	२३४९	६००७८	२०७५	२६४५	२९१	२०६	७३०२४
२०७९/८०	६५३२	१९५९	६४८८१	२३१४	१२२९	१६६	२८९	७७३७०
२०८०/८१	१२४४४	४८४१	६०५८५	५०१८	३९२१	५५५	५१७	८७८८१
२०८१/८२	१२०३५	४०९४	६४३१४	४८७१	३९०४	५८०	४९८	९०२९६
जम्मा	६५२३२	३०११८	४५४११०	२५७९१	२२०१९	२४००	२६२१	६०२२९१

